# बलेफी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ३ मितिः २०८१/०७/१३

भाग - २

## बलेफी गाउँपालिका


स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी बलेफी गाउँपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

# बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१

# बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१

## प्रस्तावना :-

बलेफी गाउँपालिकामा छोरीलाई पनि छोरा सरह समाजमा स्थापित हुन सहज हुनका साथै गर्भमा छोरी भएको थाहा भए पछि गर्भपतन गराउने प्रवृत्ति अझैपनि कायम रहेकोले विभेदीकरणको अन्त्य गर्दै समुन्नत समाज निर्माणका लागि यसमा सकारात्मक सामाजिक परिवर्तन ल्याउने उद्देश्यले यस गाउँपालिकामा बसोवास गर्ने नागरिकबाट जन्म लिने सबै चेलीहरु (बालिकाहरु) को नाममा एक सुरक्षा कोष स्थापना र सञ्चालन गर्न उपयुक्त हुनुका साथै बाल विवाहलाई निरुत्साहित गर्न बलेफी गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७५ को दफा ३ मा भएको व्यवस्था अनुसार बलेफी गाउँ कार्यपालिकाले **बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१** जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यस कार्यविधिको नाम **"बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

### २. परिभाषा :-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

**(क)** "अनुगमन समिति" भन्नाले गाउँपालिकाले गठन गर्ने दफा ५ बमोजिमको समिति सम्झनु पर्दछ।

**(ख)** "सिफारिस" भन्नाले जननिर्वाचित सम्बन्धित वडा कार्यालयको वडा अध्यक्षले हस्ताक्षर गरेको सिफारिस पत्र सम्झनु पर्दछ ।

**(ग)** "गाउँपालिका" भन्नाले बलेफी गाउँपालिका सम्झनु पर्दछ ।

**(घ)** "बैंक" भन्नाले यस गाउँपालिकाले खाता खोल्नका लागि तोकेको बैंक सम्झनु पर्दछ ।

**(ङ)** "बालिका" भन्नाले सम्बत् २०८१ साल श्रावण पछि जन्म लिएका र निजको बाबुआमा यसै गाउँपालिकाको स्थायी बासिन्दा भएको छोरी सम्झनु पर्दछ ।

# परिच्छेद २
# सहभागिता, रकम व्यवस्थापन र भुक्तानी प्रक्रिया

## ३. सहभागी हुन पाउने :-

(१) बलेफी गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोवास गर्ने आमा बाबुबाट जन्म लिएका छोरीहरूलाई कार्यक्रममा सहभागी गराईनेछ ।

(२) तोकिएको बैंकमा छोरी सम्मान कार्यक्रममा सहभागी हुने छोरीले अभिभावक वा संरक्षकले खाता खोलि दिनु पर्नेछ ।

## ४. रकम व्यवस्थापन :-

(१) गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुनसक्ने वार्षिक खर्च रकम अनुमान गरी वार्षिक रुपमा विनियोजन गरी रकमको व्यवस्थापन गर्नेछ । तर वार्षिक रुपमा अनुमान गरी विनियोजन गरिएको रकम वर्ष समाप्ती नहुँदै भुक्तानी गर्दा रकम अपुग भएमा जन्म शीर्षकमा विनियोजन भएको वचत हुने रकमबाट यो शीर्षकमा रकमान्तर गर्न गाउँ कार्यपालिकालाई बाधा पर्ने छैन ।

## ५. भुक्तानी प्रक्रिया :-

(१) यस गाउँपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिकबाट सम्वत् २०८१ श्रावण महिनादेखि जन्म भएका बालिकाहरुले मात्र खर्च गर्न पाउने गरी निम्नानुसार गाउँपालिकाबाट रकम निकासा एवम् भुक्तानी दिइनेछ ।

**(क)** यस गाउँपालिकामा स्थायी बासिन्दा भएका नेपाली नागरिकबाट भएका बालिकाका बाबु या आमाले निजको जन्मदर्ता प्रमाणपत्र आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि, छोरी स्वास्थ्य संस्थामा जन्मेको प्रमाणपत्रको प्रतिलिपि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र संलग्न राखी गाउँपालिकाको कार्यालयमा निवेदन दिनेछन् ।

**(ख)** उपदफा **(क)** बमोजिम प्राप्त निवेदनहरु गाउँ कार्यपालिकाको सिफारिस र संरक्षकत्वमा तोकिएको बैंकमा बालिकाको नाममा नाबालिका बचत खाता खोलिने छ ।

**(ग)** उपदफा **(ख)** बमोजिम खोलिएको नाबालिका बचत खातामा रकम गाउँपालिकाले बलेफी छोरी सम्मान कोषमा विनियोजन गरेको रकमबाट एकमुष्ठ रु. ५,००० /- (अक्षरुपी पाँच हजार रुपैयाँ मात्र) जम्मा गर्नेछ । गाउँपालिकाबाट एक बालिकालाई एक पटक मात्र छोरी सम्मान कार्यक्रम मार्फत सो रकम प्रदान हुनेछ ।

**(घ)** बालिका बालिग (निजको उमेर १८ वर्ष भएपछि बचत हुन आएको रकम निजले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य शिक्षा र गाउँ कार्यपालिकाको अनुमति लिएर समय आगावै बचत रकम खर्च गर्न बाधा पर्ने छैन ।

**(ङ)** प्रचलित कानूनी व्यवस्था अनुसारको उमेर नपुग्दै विवाह गरेमा निजको बचत खातामा जम्मा भएको रकम सम्बन्धित वडा कार्यालयको सिफारिस पत्रका आधारमा गाउँकार्यपालिकाले निजलाई उक्त रकम दिने/नदिने निर्णय गर्न सक्नेछ ।

## परिच्छेद - ३
## व्यवस्थापन समिति र अनुगमन समिति गठन प्रक्रिया

### ६. व्यवस्थापन समिति :-

(१) बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१ दफा (५) विनियोजित रकम निकासा एंव भुक्तानी दिन र अभिलेख दुरुस्त राखी लेखापरीक्षण समेत गर्न गराउन देहाय बमोजिमको समिति हुनेछ । यस समितिको बैठक आवश्यक अनुसार बस्नेछ।

**(क)** गाउँपालिकाको अध्यक्ष - संयोजक

**(ख)** प्रमुख प्रशासकीय अधिकृत - सदस्य

**(ग)** आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

### ७. अनुगमन समिति :-

(१) बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१ दफा (५) (क) (ख) (ग) (घ) (ङ) बमोजिम हुने कार्यको अनुगमन तपसिल बमोजिमको समितिले गर्नेछ ।

**(क)** गाउँपालिकाको उपाध्यक्ष - संयोजक

**(ख)** सामाजिक विकास समितिको संयोजक - सदस्य

**(ग)** गाउँपालिकाको शिक्षा अधिकृत - सदस्य

**(घ)** गाउँपालिकाको स्वास्थ्य ईकाइ संयोजक - सदस्य

**(ङ)** गाउँपालिकाको कानूनी सल्लाहकार - सदस्य

**(च)** महिला, बालवालिका तथा जेष्ठ नागरिक प्रमुख - सदस्य सचिव

# परिच्छेद ४
# विविध

## ८. लगत विवरण तयार गर्नु पर्ने :-

(१) बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१ मा भएको व्यवस्था अनुसार छोरी सम्मान कार्यक्रममा सहभागी भएका छोरीहरुको लगत विवरण अनुसूची -१ बमोजिमको ढाँचामा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाले राख्नु पर्नेछ ।

## ९. कारवाही हुने :-

(१) यस कार्यविधि विपरीत कार्य गर्ने गराउने कुनै पनि व्यक्ति, समूह या यसै कार्यविधि यमोजिम गठित समिति समितिका पदाधिकारी या सदस्यहरुलाई समेत प्रचलित कानुन वमोजिम कारवाही हुनेछ । गलत प्रमाण पेश गरी रकम भुक्तानी लिएको प्रमाणित भएमा उपलब्ध गराइएको रकम फिर्ता गरिनुका साथै त्यस्ता गलत कार्य गर्न व्यक्ति वा समूहलाई कालो सूचिमा राखी आगामी दिनमा त्यस्ता व्यक्तिलाई कुनै पनि सेवा उपलब्ध गराइने छैन ।

## ११. बाधा अड्काउ फुकाउने अधिकार :-

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी गाधा अड्काउ फुकाउन सकिनेछ ।

अनुसूची - १

**बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१ दफा (३) को उपदफा (१) संग सम्बन्धीत**

बलेफी गाउँपालिकाको छोरी सम्मान कार्यविधि, २०८१ दफा ३(१) अनुसार सहभागी भएका बलेफी गाउँपालिका वडा नं १ देखि ८ सम्ममा छोरी सम्मान कार्यक्रममा सहभगी भएकाहरुको लगत विवरण

जिल्ला सिन्धुपाल्चोक बलेफी गाउँपालिका वडा नं.:

**मिति :** **देखि** **सम्म**

**छोरी सम्मान कार्यक्रममा सहभागी भएको छोरीहरुको नामः-**

| सि.नं. | आमाको नाम | वावुको नाम | जन्म मिति | जन्म दर्ता नं. मिति | छोरी सम्मान कार्यक्रममा रकम जम्मा गरिएको बैंकको नाम | बैंकमा रकम जम्मा भएको मिति | बैंक खाता नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

.......................................
अभिलेख तयार गर्नेको नामः-
पदः
दस्तखतः

.......................................
अभिलेख रकम जम्मा भएको रुजु गर्ने
आर्थिक प्रशासन शाखा प्रमुखको नामः
पदः दस्तखतः

...................................
अभिलेख रकम जम्मा प्रमाणित गर्ने
महिला बालबालिका तथा
ज्येष्ठ नागरिक शाखा प्रमुखको नामः
पदः दस्तखत

**आज्ञाले**
**सुर्य बहादुर तामाङ**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण : २०८१/०७/१३ गते**